【आसाहि पर्यावरण केन्द्रमा आगलागी】पुन: सञ्चालन नहुन्जेलसम्म फोहोर कसरि फाल्ने बारे

आसाहि पर्यावरण केन्द्रको आगलागीको कारण महानगरवासीहरूमा परेको असुविधा तथा असहजताका लागि हामी गहिरो क्षमायाचना गर्दछौं।

पुन: सञ्चालन पूरा नहुन्जेलसम्म फोहोर कहाँ र कसरी फाल्ने भन्ने कुरा सामान्य कावागुचि शहरको नियमभन्दा केही भिन्न रहेका कारण तल जानकारी दिइएको छ।

लाइटर (सिलिन्डरयुक्त आगो बाल्ने यन्त्र)

भित्रको ग्याँस सम्पूर्णरूपमा निकालिएको हुनुपर्छ। यसलाई अन्य भाँडाकुँडा वा भान्साको फोहरसँग नभएर छुट्टै झोलामा राख्नुहोस्। त्यसपछि झोलामा जापानी भाषामा “हानिकारक फोहोर” 「有害ごみ」 लेखेर “सामान्य फोहोर” को रूपमा फाल्नुहोस्।

फुटेको वा फुट्न/भाँचिन सक्ने सामग्री (माटोको भाँडा, सिसा, प्लेट, आदि)

चोट लाग्न बाट बच्नका लागि फोहर हुने सामग्रीलाई कागज वा पत्रले बेर्नुहोस्। त्यसपछि अन्य फोहरसँग नभएर छुट्टै झोलामा राख्नुहोस्। त्यसपछि झोलामा जापानी भाषामा “फुट्ने/भाँचिने सामग्री” 「われもの」लेखेर “सामान्य फोहोर” को रूपमा फाल्नुहोस्।

※**महत्वपूर्ण:** माथिका सबै वस्तुहरू पुन: सञ्चालन नभएसम्म भान्साको फोहरसँग मिक्स नगरी पूर्णरूपले छुट्टै झोलामा मात्र फाल्नुहोस्।

लिथियम–आयन ब्याट्री तथा स-साना विद्युतीय उपकरणहरू

आगलागीको संभावनालाई मध्यनजर गर्दै, यी वस्तुहरू सामान्य घरेलु फोहरसँग मिसिन दिनु हुँदैन।

※प्रयोग नहुने स-साना रिचार्जेबल ब्याट्री (लिथियम–आयन) बिक्री–पुनर्चक्रण सहयोगी पसलहरूमा बुझाउनुहोस्। पुनर्चक्रण सहयोगी पसलहरूको सूचीका लागि सामान्य संस्थागत संघ JBRC (फोन: 03-6403-5673) मा सम्पर्क गर्नुहोस्।

※यदि ब्याट्री फुलेको अवस्थामा छ वा JBRC को संकलन सूची बाहिर पर्छ भने, टर्मिनल भाग टेपले ढाकेर इन्सुलेट (बिजुलीबाट जुद्रिने भाग आवरण) गरी “धातुजन्य फोहोर” को रूपमा फाल्नुहोस्।

※फोहोरको मात्रा न्यूनीकरण र उपयुक्त छुट्यानीकरण सम्बन्धी थप समझदारी र सहयोगका लागि हार्दिक अनुरोध गर्दछौं।